काठमाडौं, नेपालगञ्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

वर्ष १७, अंक २७०, पृष्ठ ८, बिहीबार १५ माघ २०८२, माघ शुक्लपक्ष एकादशी, Thursday, 29 January, 2026, नेपाल संवत् ११४६, मूल्य- १०/-

nagariknews.com

**आर्थिक**

विदेशी पर्यटक भित्र्याएर आर्थिक लाभ लिन दीगो पर्यटन रणनीति बनाउने तयारीमा पर्यटन बोर्ड

**समाचार**

संक्रमणकालीन न्यायका बारेमा हिंसापीडित भन्छन्- घोषणापत्र रित्तो नहोस् ।



**एपिएफ र मच्छिन्द्रको विजययात्रा जारी**

मच्छिन्द्रले चित्लाङ एफसीमाथि ३-१ को जित निकाल्दा एपिएफले जावलाखेल युथलाई २-१ ले हरायो । यससँगै लगातार चौथो खेलसम्म एपिएफ र मच्छिन्द्रले विजययात्रा कायम राखे ।

# नागरिकलाई बन्द गर्न पत्रकार महासंघको तालाबन्दी

नागरिक संवाददाता

*काठमाडौं, माघ १४*

नेपाल पत्रकार महासंघले नागरिक दैनिक र यसका भगिनी प्रकाशनलाई बन्द गराउन नेपाल रिपब्लिक मिडियामा तालाबन्दी गरेको छ ।

महासंघका पदाधिकारीको नेतृत्वमा बुधबार बिहान नागरिक दैनिक, रिपब्लिका दैनिक, नागरिकन्युज र माई-रिपब्लिका अनलाइनको प्रकाशन संस्था नेपाल रिपब्लिक मिडिया लिमिटेडको कार्यालयमा तालाबन्दी गरिएको हो । तालाबन्दीबाट दैनिक काममा असर पर्ने भएपछि स्थानीय जनप्रतिनिधि र प्रहरीको रोहबरमा ताला खोलिएको छ ।

मुलुकमा लोकतान्त्रिक आन्दोलनको पक्षमा निरन्तर लागेर नागरिकलाई सुसूचित गराउँदै आएको सञ्चारमाध्यमको कार्यालयमा यसरी तालाबन्दी गरिनु आफैंमा दुःखद पक्ष हो ।

कुनै पनि प्रकाशन संस्था अवरुद्ध गर्न नहुने महासंघको विधानविपरीत नेपाल रिपब्लिक मिडियामाथि आक्रमण गरिएको हो । महासंघले पत्रकारिताको विकासमा योगदान गर्नेभन्दा पनि नेपाल रिपब्लिक मिडियामा काम छाडिसकेका कर्मचारीको विषयलाई लिएर धर्ना, तालाबन्दी र प्रकाशन



नेपाल रिपब्लिक मिडियामा तालाबन्दी गर्ने क्रममा नेपाल पत्रकार महासंघको टोली । *तस्बिर : रमेश खतिवडाको फेसबुकबाट*

संस्थाविरुद्ध नाराबाजी गर्ने काममा अगुवाइ गरेको छ ।

पारिश्रमिक वा अन्य कुनै सुविधाको विषयमा कार्यरत कर्मचारीभन्दा बाहिरका व्यक्तिहरूले कार्यालयमा आक्रमण प्रयाससमेत गरेको नेपाल रिपब्लिक मिडियाले जनाएको छ । मिडियाका अनुसार पत्रकार तथा कर्मचारीले कामलाई निरन्तरता दिइरहेको अवस्थामा बाहिरबाट आएर प्रकाशनगृहमा अवरोध गर्न खोज्नु निन्दनीय छ ।

आफ्नो संस्थामा कार्यरत कर्मचारीभन्दा बाहिरका व्यक्तिहरूले कार्यालयमा तालाबन्दी गरेको भन्दै नेपाल रिपब्लिक मिडियाकी अध्यक्ष शोभा ज्ञवालीले उक्त कदमप्रति आपत्ति जनाएकी छिन् । 'नेपालको कानुनअनुसार चलेको सञ्चारगृहमा तालाबन्दी गर्नु संविधानको मूल भावना र मर्मविपरीत छ । यसले संविधानको उल्लंघन गरेको र जनतालाई सूचनाको हकबाट वञ्चित गर्न खोजेको प्रष्ट छ', ज्ञवालीले भनिन् ।

मिडियामा कार्यरत कर्मचारीमध्ये एकाधले काम छाडेको र उनीहरुलाई पुनः काममा फर्कन गरेको आग्रहलाई समेत बेवास्ता गरेको ज्ञवालीले बताइन् । 'कम्पनीले कसैलाई जबर जस्ती निकालेको छैन, जो बाहिर बस्नुभएको छ उहाँहरुलाई काममा आउन भनिएको छ', उनले भनिन् ।

अध्यक्ष ज्ञवालीका अनुसार पत्रकार महासंघका नाममा गरिएको यस्तो कार्यले मिडियामा काम गरिरहेका कर्मचारीलाई समेत मानसिक तनावमा पारेकाले यस्तो निन्दनीय कार्य रोकिनुपर्छ । कतिपय विषय कानुनी प्रक्रियामा गएकाले कानुनी प्रक्रिया र विधिबाटै समाधान खोजिनुपर्नेमा महासंघका नामबाट गरिएको गैरकानुनी हर्कतले चिन्तित बनाएको ज्ञवालीले बताइन् ।

महासंघका वरिष्ठ उपाध्यक्ष दीपक आचार्य नेतृत्वको टोली नेपाल रिपब्लिक मिडियाको कार्यालयमा तालाबन्दी गर्न आएको थियो ।

*बाँकी पृष्ठ २*

धनुषा-३ **स्थलगत रिपोर्टिङ**

# निर्वाचन प्रतिस्पर्धामा पुराना-नयाँ अनुहार

मिथिलेश यादव/सुरेन्द्र यादव

*जनकपुरधाम, माघ १४*

धनुषा निर्वाचन क्षेत्र नम्बर-३ राजनीतिक रुपमा मात्र नभई सांस्कृतिक र शैक्षिक हिसाबले पनि महत्त्वपूर्ण मानिन्छ । राजर्षि जनक विश्वविद्यालय, एसियाली विकास बैंकको सहरी विकास आयोजना, जनकपुर-जटही-अयोध्या ६ लेन सडक र जनकपुर-जयनगर रेलमार्ग जस्ता राष्ट्रिय महत्त्वका योजना यसै क्षेत्रमा छन् । राजनीतिक रुपमा यो क्षेत्र नेपाली कांग्रेसको बलियो पकड भएको मानिन्छ ।

जनकपुर उपमहानगरपालिकाका २५ वडामध्ये १६ वटा यो निर्वाचन क्षेत्रमा पर्छन् । त्यस्तै नगराइन नगरपालिका, विदेह नगरपालिकाका ९ वटा वडा, मुखियापट्टी मुसहरनिया र धनौजी गाउँपालिका पर्छन् । यो क्षेत्रमा वैश्य समुदायको बाहुल्य छ । यो समुदायमा तेली, सुडी, कानु, कलवार, रौनियार, कसेरा, कथवनिया, सुनार, लहेरी, ठठेरीलगायत पर्छन् ।

धनुषा-३ मा पूर्वमन्त्रीद्वय विमलेन्द्र निधि र जुलीकुमारी महतासहित चुनावी मैदानमा उत्रिएका छन् । दोस्रो संविधानसभा सदस्य निर्वाचन, २०७० मा पनि निधि र महतो उम्मेदवार थिए । त्यसबेला निधिले १ हजार ४९२ मतअन्तरले महतोलाई पछाडि पारेका थिए । निधि १५ हजार ३१ मतसहित विजयी हुँदा जुली १३ हजार ५३९ मतमा रोकिइन् ।

निधि र महतो फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा एकै क्षेत्रबाट उम्मेदवार बनेपछि नतिजा कसको पक्षमा जाला भन्ने अनुमान लगाउन कठिन छ । मधेस राजनीतिमा सधैं चर्चामा रहने यो क्षेत्रमा पुराना र अनुभवी नेताहरूसँगै नयाँ अनुहार पनि उम्मेदवार छन् । नयाँ दलले नयाँ अनुहारलाई उम्मेदवार बनाएपछि चुनावी अंकगणित थप रोमाञ्चक बन्ने देखिएको छ । पुराना दल कांग्रेस र एमालेका प्रभावशाली नेताहरूका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका उम्मेदवारहरू चुनौती बन्न सक्छन् । कांग्रेस र एमालेका उम्मेदवार पार्टीको बलियो संगठन र आफ्नो व्यक्तिगत प्रभावका आधारमा चुनावी नतिजा आफ्नो पक्षमा पार्न सक्रिय छन् ।

यो क्षेत्रमा रास्वपाले मनिष झालाई उम्मेदवार बनाएको छ । पुराना दल र नेताहरूप्रति बढेको वितृष्णाको फाइदा उठाएर रास्वपा यो क्षेत्रमा जित निकाल्न चाहन्छ । रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहले माघ ५ गते जनकपुरधाममा आयोजित सभालाई सम्बोधन गरेपछि त्यसको सकारात्मक प्रभाव परेको स्थानीय बासिन्दा बताउँछन् । रास्वपाका झा यहीं क्षेत्रका बासिन्दा हुन् । उनले 'बालेन फ्याक्टर' र नयाँ राजनीतिक तरंगलाई आधार बनाएर पुराना दलका अनुभवी उम्मेदवारहरूलाई चुनौती दिने मतदाता बताउँछन् । भौगोलिक र जनसांख्यिक हिसाबले पनि यो क्षेत्र महत्त्वपूर्ण छ ।

*बाँकी पृष्ठ २*



विमलेन्द्र निधि



जुलीकुमारी महतो



मनिष झा




> मुलुकमा २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्र पुनर्बहाली भएपछिका सात वटा निर्वाचनमा धनुषा-३ बाट पाँच पटक कांग्रेस, एक पटक राजपा र एक पटक एमालेका उम्मेदवार निर्वाचित भएका छन् ।

## काठमाडौं-४ गगनले छाड्दा नमज्जा : पुकार




काठमाडौं, माघ १४ (नागरिक)- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता एवं काठमाडौं क्षेत्र नम्बर-४ का उम्मेदवार पुकार बमले नेपाली कांग्रेसका सभापति गगनकुमार थापा यो क्षेत्रबाट चुनावी प्रतिस्पर्धामा नहुँदा 'थ्रिलर' कम भएको टिप्पणी गरेका छन् । नागरिक न्युजको डिजिटल संवाद कार्यक्रम 'नागरिक फ्रन्टलाइन' का लागि बुधबार प्रधान सम्पादक गुणराज लुइँटेलसँगको कुराकानीमा बमले बलियो प्रतिस्पर्धी मैदानमा नहुँदा चुनावी रौनक र मज्जा सोचेजस्तो नभएको बताएका हुन् ।

थापाले जित्दै आएको यो क्षेत्रलाई कांग्रेसको राजनीतिक 'गढ' र विरासतका रूपमा चित्रण गरिँदै आएको छ ।

*बाँकी पृष्ठ २*

पढ्नुहोस्
nagariknews.com
www.nagariknews.com

# हिमाली भेगमा बाक्लो हिमपात

## रोकिए पदयात्री, सचेत रहन प्रशासनको आग्रह

सन्तोष पोखरेल

*पोखरा, माघ १४*

हिमाली भेगमा बाक्लो हिमपात भएको छ । हिमपातले हिमाली जिल्लाका उच्च भेगको जनजीवन पनि प्रभावित भएको छ । हिमपातका कारण बाटो अवरुद्ध भएपछि पदयात्रामा जाने पर्यटकलाई सचेत हुन सम्बन्धित जिल्ला प्रशासनले अनुरोध गरेका छन् ।

हिमाली जिल्ला मनाङ, मुस्ताङ, म्याग्दी, गोरखाका माथिल्लो भेगमा बाक्लो हिमपात भएको छ । बस्ती र सडकमै हिउँ जमेपछि हिँडडुल पनि सकसपूर्ण बनेको हिमपातबाट प्रभावित जिल्लाका बासिन्दाले बताएका छन् ।

जिल्ला प्रशासन कार्यालय मनाङले सूचनामार्फत माथिल्लो भेगमा भारी हिमपात भएको जनाएको छ । अन्नपूर्ण फेरोमा पर्ने थोराङ्ला भञ्ज्याङ पास, लार्केपास, काङ्लापास, तिलिचोलगायतका स्थानमा पदयात्रा गर्दा स्थानीय प्रशासनसँग समन्वय गर्न पनि सूचनामार्फत अनुरोध गरिएको छ ।

मनाङका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलले सूचना जारी गर्दै पदयात्रा गर्दा सचेत हुन आग्रह गरेका छन् ।

*बाँकी पृष्ठ ५*



डोल्पाको जगदुल्ला गाउँपालिकाको काइगाउँमा भएको हिमपात । डोल्पामा मंगलबार रातिदेखि हिमपात भइरहेको छ । *तस्बिर : रासस*

## काठमाडौंमा हिउँदे वर्षा

भुवन शर्मा

*काठमाडौं, माघ १४*

संघीय राजधानी काठमाडौंमा बुधबार पहिलो हिउँदे वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभागले साँझ निकालेको मौसम बुलेटिनअनुसार काठमाडौंमा २.२ मिलिमिटर वर्षा भएको छ ।

विभागका अनुसार बुधबार सबैभन्दा बढी डडेलधुरामा २९.६ मिलिमिटर वर्षा भएको छ । डडेलधुरापछि वीरेन्द्रनगरमा धेरै वर्षा भएको छ । वीरेन्द्रनगरमा १६.१ मिलिमिटर वर्षा भएको छ । त्यस्तै जुम्लामा ८.५ मिलिमिटर र दाङको घोराहीमा ११.२ मिलिमिटर वर्षा भएको छ । नेपालको पूर्वी क्षेत्रमा बुधबार वर्षा भएको देखिन्न ।

'पश्चिमी क्षेत्रमा २ दिनअघि पहिलो हिउँदे वर्षा भए पनि काठमाडौंमा बुधबार पहिलो हिउँदे वर्षा भएको छ', वरिष्ठ मौसमविद् सुदर्शन हुमागाईंले भने ।

*बाँकी पृष्ठ २*

# प्रहरी प्रतिवेदनकै नाममा अर्बौं रुपैयाँ बाहिरिँदै

**नेपाल प्रहरीको रिपोर्टलाई परराष्ट्र मन्त्रालयको कन्सुलर सेवा विभागले प्रमाणित गर्दा पनि युएईको भिसा प्रक्रियाका लागि पुनः नेपालस्थित युएईकै दूतावासबाट प्रमाणीकरण गराउन बाध्य पारिँदा अर्बौं रूपैयाँ बाहिर जाने भएको छ ।**

सविता खड्का

*काठमाडौं, माघ १४*

वैदेशिक रोजगारीबाट मुलुकको अर्थतन्त्र धानिरहेका नेपाली श्रमिक अहिले आफ्नै देशको सरकारी कागजातका कारण आर्थिक शोषणमा परिरहेका छन् ।

संयुक्त अरब इमिरेट्स (युएई) ले नेपाल प्रहरीको रिपोर्ट (पुलिस क्लियरेन्स सर्टिफिकेट/पिसिसी) लाई परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागले प्रमाणित गरिसक्दा पनि भिसा प्रक्रियाका लागि पुनः नेपालस्थित युएई दूतावासबाट प्रमाणीकरण गराउन बाध्य पार्दा प्रहरी रिपोर्टकै नाममा अर्बौं रुपैयाँ बाहिर जाने भएको छ ।



औपचारिक निर्णय वा सार्वजनिक सूचनाबिना लागु गरिएको यो व्यवस्थाले युएई जाने हजारौं नेपाली श्रमिकलाई अतिरिक्त आर्थिक भारको दोहोरो मारमा पारेको छ । नेपालमा रहेको निजी संस्था (भिएफएस) मार्फत प्रतिवेदन प्रमाणीकरण गर्न लगाएर श्रमिकलाई प्रतिव्यक्ति १४ हजार दुई सय रुपैयाँ अतिरिक्त शुल्क तिर्न बाध्य पारिएको छ । उक्त शुल्क श्रमिकले नबुझाए युएई जाने भिसा अस्वीकृत हुन्छ । आर्थिक रूपमा कमजोर नेपाली श्रमिकका लागि यो शुल्क ठूलो भार बनेको छ ।

*बाँकी पृष्ठ २*



## नेपाल रिपब्लिक मिडिया लि. मा भएको तालाबन्दी सम्बन्धमा जारी

## प्रेस विज्ञप्ती

आज मिति २०८२ साल माघ १४ गते बुधबारका दिन नेपाली सञ्चार क्षेत्रको अग्रणी मध्ये को एक सञ्चार गृह नेपाल रिपब्लिक मिडियामा पत्रकार महासंघ जस्तो जिम्मेवार संस्थाबाट भएको तालाबन्दीको कार्य प्रति यस मिडिया एलायन्स नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

प्रचलित कानून तथा संवैधानिक व्यवस्थासमेतको बर्खिलाप हुनेगरि कुनैपनि पत्रपत्रिकाको प्रकाशनमा प्रत्यक्ष अवरोध पुर्याउने मनसाय सहित भए गरिएका यस्ता कार्यहरुको कुनैपनि अवस्थामा स्वीकार्य नहुने भएको हुँदा यस संस्था त्यस्ता कार्यहरुको भत्सर्ना गर्दछ ।

कुनैपनि विवादहरुको अन्तिम समाधान कानूनी प्रक्रियाबाट नै हुने भएकोले अनावश्यक दवाव सृजनाका लागि अन्य तरिकाले गरिने सबै कार्यहरु तथा सोबाट सञ्चार गृह संचालक/प्रकाशक र सञ्चार गृहको ख्यातिमा पर्ने हानीको सम्बन्धमा यस संस्थाले गम्भीरतापूर्वक विश्लेषण गरिरहेको पनि सम्बन्धित सबैलाई जानकारी गराउँदै,विवादको शान्तिपूर्ण र कानूनी समाधान नै अन्तिम तथा उपयुक्त मार्ग भएको हुँदा विधिको शासनलाई उच्च सम्मान गर्दै कार्य गर्नका लागि सम्बन्धित सबैलाई अनुरोध गर्दछौं ।

MEDIA ALLIANCE NEPAL

## प्रहरी...

**पृष्ठ १ बाट**

गत आर्थिक वर्षमा मात्र युएईमा एक लाख ७७ हजार नेपाली श्रमिक गएका थिए। यही संख्यालाई आधार मान्दा प्रहरी प्रतिवेदन प्रमाणीकरणकै नाममा मात्रै वार्षिक करिब दुई अर्ब ५१ करोड ३४ लाख रुपैयाँ बिदेसिने देखिन्छ। सरोकारवालाका अनुसार यो रकम श्रमिकको पसिनाबाट संकलन भई बाहिरिने अवस्था बनेको छ।

प्रहरी प्रतिवेदनलाई परराष्ट्र मन्त्रालयले प्रमाणीकरण गरेपछि गत डिसेम्बर ४ सम्म सहजरूपमा युएई भिसा जारी हुँदै आएको थियो तर पछिल्लो समय कुनै औपचारिक सूचना, निर्णय वा सार्वजनिक जानकारीबिना परराष्ट्र मन्त्रालयबाट प्रमाणित भइसकेको प्रहरी प्रतिवेदनलाई समेत नेपालस्थित युएई दूतावासबाट पुनः प्रमाणीकरण गराउनुपर्ने भनिएपछि श्रमिक मारमा परेका छन्। यसका कारण युएई रोजगारीमा जाने हजारौं नेपाली श्रमिक अन्योलमा छन्।

प्रहरीले निःशुल्क रूपमा उपलब्ध गराउने उक्त रिपोर्ट कन्सुलर सेवा विभागले भने छाप लगाएर प्रमाणीकरण गरिदिएबापत पाँच सय रुपैयाँ शुल्क लिने गरेको छ। विभागबाट प्रमाणीकरण भएको रिपोर्टलाई युएईले समेत प्रमाणीकरण गर्दै आएको हो। विगतमा प्रहरी रिपोर्ट कन्सुलर सेवा विभागबाट प्रमाणीकरण भएपछि भिसा दिने गरिएको थियो, तर गत भदौ २३ र २४ को जेनजी आन्दोलनपछि सुरक्षाको कारण देखाउँदै युएईले परराष्ट्र मन्त्रालयबाट समेत प्रमाणीकरण गर्नुपर्ने बाध्यता थप गरेको हो।

युएईले पुलिस क्लियरेन्स सर्टिफिकेट/पिसिसी प्रमाणीकरणका लागि अतिरिक्त शुल्क थप गरेपछि त्यसको प्रत्यक्ष मारमा वैदेशिक रोजगारीका लागि युएई जाने श्रमिक परेका छन्। जेनजी आन्दोलनपछि जेलबाट कैदीहरू भागेका र तिनीहरू आफ्नो देशमा प्रवेश पाएको खण्डमा सुरक्षा चुनौती थपिनेमा युएई सचेत देखिएको छ। यसकारणले पनि जेनजी आन्दोलनपछि केही समय नेपालीलाई भिजिट र वर्किङ भिसा नै रोकिएको थियो। पछि खोलेर नेपाल प्रहरीले उपलब्ध गराउने प्रमाणपत्रलाई मान्यता नदिने गरी युएईले अतिरिक्त शुल्क थपेको हो।

नेपाल सरकारका निकायबाट जारी र प्रमाणित एउटै कागजातलाई पुनः विदेशी दूतावासबाट प्रमाणीकरण गराउनुपर्ने अवस्थाले श्रमिकमाथि अन्याय भएको म्यानपावर व्यवसायीहरूको भनाइ छ। भिसा सुनिश्चित नभइसकेको अवस्थामा ठुलो रकम खर्च गर्नुपर्ने बाध्यताले वैदेशिक रोजगारीलाई झनै असुरक्षित बनाएको उनीहरूको गुनासो छ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतका अनुसार प्रहरी प्रतिवेदनको म्याद केवल तीन महिना मात्र हुने भएकाले करिब १० हजारभन्दा बढी श्रमिकको पिसिसी म्याद सकिने जोखिम देखिएको छ। मासिक करिब १५ हजार नेपाली श्रमिक जाने युएईमा यस अवस्थाले वैदेशिक रोजगारी नै ठप्प हुने खतरा बढेको छ।

'प्रहरी रिपोर्ट नेपाल सरकारकै आधिकारिक कागजात हो, जसमा क्युआर कोड हुन्छ र अनलाइनबाटै प्रमाणीकरण गर्न सकिन्छ', बस्नेतले भने, 'परराष्ट्रले प्रमाणीकरण गरेका कागजातलाई फेरि युएई दूतावासले प्रमाणीकरण गर्दा श्रमिकले १४ हजार दुई सय रुपैयाँ तिर्नुपर्ने अवस्था सिर्जना गरिएको छ।' बस्नेतका अनुसार संघले श्रमिकमाथि परेको यो आर्थिक भार हटाउन तत्काल उच्चस्तरीय कूटनीतिक पहल गर्न सरकारसँग माग गरेको छ। संघले परराष्ट्र मन्त्रालयबाट प्रमाणित प्रहरी प्रतिवेदनलाई पूर्णरूपमा स्वीकार गर्न युएई सरकार तथा सम्बन्धित निकायसँग औपचारिक वार्ता गर्न आग्रह गरेको छ। यस विषयमा मंसिर २५ मा परराष्ट्रमन्त्रीको ध्यानाकर्षण गराइएको थियो। मन्त्रालयले समस्या समाधानको आश्वासन दिए पनि हालसम्म ठोस परिणाम नआएको उनको भनाइ छ।

'हामीले गएको मंसिर २५ मै यस विषयमा सरकारको ध्यानाकर्षण गराएका थियौं। अहिले देश चुनावकेन्द्रित छ। तर यही बेला वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि यस्तो नयाँ आर्थिक भार जपिँदै छ', उनले भने, 'समयमै समस्या समाधान भएन भने श्रमिकलाई ठुलो मार पर्ने छ।'

युएई भिसा प्रक्रियामा श्रमिकमाथि भइरहेको आर्थिक शोषणबारे अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ), अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम) लगायत श्रमिक हितका लागि काम गर्ने संस्था मौन बसेको आरोप पनि संघले लगाएको छ।

जेनजी आन्दोलनपछि केही समय भिसा बन्द गरेको युएईले पछि कडाइसाथ जारी गर्न थालेको थियो। भिजिट भिसामा जान विभिन्न खालका मापदण्ड अघि सारेको युएईले वर्किङ भिसामा जाने श्रमिकका हकमा प्रहरी रिपोर्ट प्रमाणीकरण अनिवार्य गरेको छ।

जेनजी प्रदर्शनपछि केही कैदीबन्दी बाहिर निस्किएको घटनापछि युएईले अस्थायी रूपमा नेपाली श्रमिकको रोजगारी प्रक्रिया रोकेको थियो। त्यसपछि युएईले सम्भावित आपराधिक व्यक्तिहरूलाई रोक्न प्रहरी रिपोर्ट माग्न थालेको हो। सुरुमा परराष्ट्र मन्त्रालयको प्रमाणीकरण पर्याप्त मानिए पनि डिसेम्बर ४ पछि युएईले दूतावासको समेत छाप अनिवार्य हुनुपर्ने जानकारी गराएको हो। 'यो कुनै आधिकारिक लिखित निर्णय होइन', संघका महासचिव बस्नेतले भने, 'तर भिएफएसले धमाधम कलेक्सन गर्न थाल्यो र यो प्रक्रियालाई अनिवार्य जस्तै बनाइयो।'

सरकारकै निकायले प्रमाणित गरेका कागजातलाई मान्यता दिलाउन कूटनीतिक पहल गर्न नसक्नु दुःखद पक्ष भएको उनको भनाइ छ। समस्या तत्काल समाधान नभए युएई रोजगारी नै बन्द गर्ने कदम चाल्न बाध्य हुने चेतावनी संघले दिएको छ।

## काठमाडौं–४...

बमले आफू त्यही विरासत र प्रवृत्तिलाई चुनौती दिन आएको तर मुख्य प्रतिस्पर्धी नै मैदान छाडेर अन्यत्र गएपछि खल्लो महसुस भएको बताए। उनले भने, 'म जुन कारणले यो ठाउँमा हिम्मत गरेर आएँ, उहाँ (गगन थापा) भइदिएको भए त्यो विरासतको राजनीति तोड्ने न्यारेटिभ स्थापित गर्न अझ मज्जा आउँथ्यो। साँच्चिकै युद्धमैदानमा जाँदै गर्दा अपोनेन्ट सामान्य हुँदा अलिकति नमज्जा त हुँदोरहेछ। उहाँ नहुँदा थ्रिलर कम भयो।'

थापाले काठमाडौं-४ छाड्दा चुनाव जित्न सजिलो भयो कि भन्ने प्रश्नमा बमले यसलाई जित-हारको सहजताभन्दा पनि राजनीतिक सन्देशका रूपमा व्याख्या गर्नुपर्ने बताए। 'उहाँले एउटा ठाउँ सजिलो पारिदिनुभयो होला तर जुन खालको एउटा न्यारेटिभ भत्काउन म आएको छु, त्यो अवसर गुम्यो', बमले थपे।

बमले रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहले झापा-५ बाट पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीसँग प्रतिस्पर्धा गर्ने आँट गरेको उदाहरण दिँदै आफूले पनि काठमाडौं-४ मा बलियो प्रतिस्पर्धीसँग लड्न रुचाएको तर त्यो सम्भव नभएको बताए। मुलुकमा ३०-४० वर्षदेखि जरा गाडेर बसेको राजनीतिक सिन्डिकेट तोड्न आफू सक्षम रहेको उनको दाबी छ। बमले आफूले १० हजार बढी मतान्तरले चुनाव जित्ने दाबीसमेत गरेका छन्।

# नागरिकलाई बन्द गर्न पत्रकार महासंघको तालाबन्दी

**पृष्ठ १ बाट**

मिडिया व्यवस्थापन पक्षले स्थानीय प्रशासन र प्रहरीको रोहबरमा कार्यालयमा लगाइएको ताला खोलेर दैनिक कामकाज सञ्चालन गरेको छ। महासंघका तर्फबाट उपाध्यक्ष आचार्य, उपाध्यक्ष नितु पण्डित, महासचिव रामप्रसाद दाहाल, सचिव रमेश खतिवडा, कोषाध्यक्ष रामकृष्ण अधिकारी, केन्द्रीय सदस्य सविता शर्मा (गोरखापत्र दैनिक) लगायतका पदाधिकारी ताला लगाउने कार्यमा सहभागी थिए।

नेपाल रिपब्लिक मिडियाले सरकारले तोकेको न्यूनतम पारिश्रमिक र कानुनअनुसार सेवा सुविधा दिइरहेको अवस्थामा महासंघका नामबाट गरिएको तालाबन्दी निन्दनीय भएको जनाएको छ। मिडियाका अनुसार, महासंघसँग गरिएको सम्झौता विषयमा पत्राचार गरी समाधान खोज्दासमेत बेवास्ता गरिएको छ र कतिपय विषय कानुनी प्रक्रियामा छन्। पत्रकार महासंघको नेतृत्वमा केही दिनयता कहिले धर्नामा बस्ने, कहिले सिक्का उठाएर दिने र कहिले तालाबन्दी गरेर निर्वाचनका बेला निरन्तर सक्रिय रहेको प्रकाशनका काममा अवरोध गरी नागरिकको सूचनाको हकमा बन्देज लगाउन खोजिएको छ।

## निर्वाचन...

**पृष्ठ १ बाट**

निर्वाचन कार्यालयको तथ्यांकअनुसार धनुषा-३ मा १ लाख २५ हजार हाराहारी मतदाता छन्। यहाँ मतदानका लागि १५५ वटा मतदान केन्द्र निर्धारण गरिएको छ।

मुलुकमा २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्र पुनर्बहाली भएपछिका चुनावको नतिजा हेर्दा यहाँका मतदाताले सबैभन्दा धेरै पटक कांग्रेसका उम्मेदवारलाई जिताएका छन्। सात वटा निर्वाचनमा पाँच पटक कांग्रेसका उम्मेदवार विजयी भएका छन्। एक पटक राष्ट्रिय जनता पार्टी (राजपा) र एक पटक नेकपा एमालेका उम्मेदवारले जितेका छन्।

प्रतिनिधिसभा सदस्यका लागि २०४८ सालमा भएको निर्वाचनमा यहाँबाट नेपाली कांग्रेसका आनन्दप्रसाद ढुंगाना १४ हजार ३११ मतसहित विजयी भएका थिए। २०५१ सालको मध्यावधि निर्वाचनमा पनि कांग्रेसबाट उनै ढुंगाना १७ हजार ४२९ मत पाएर विजयी भएका थिए। त्यसबेला नेकपा एमालेका भोलाप्रसाद साहले १५ हजार १३३, राष्ट्रिय प्रजातन्त्र पार्टीका हेमबहादुर मल्लले १२ हजार ९३७ मत पाएका थिए।

त्यस्तै २०५६ सालमा प्रतिनिधिसभा सदस्यका लागि भएको निर्वाचनमा पनि कांग्रेसकै ढुंगाना १५ हजार २६ मतसहित विजयी भएका थिए। उक्त निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) बाट हेमबहादुर मल्लले १३ हजार ७३६, नेकपा एमालेका आनन्द यादवले १० हजार २५६ र नेकपा मालेका रघुवीर महासेठले ९ हजा ९७४ मत पाएका थिए।

संविधानसभा निर्वाचन, २०६४ मा यो क्षेत्रबाट कांग्रेसका विमलेन्द्र निधि १५ हजार ५८२ मतसहित निर्वाचित भएका थिए। उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका हरिदेव मण्डलले ९ हजार ९३६ र तराई मधेस लोकतान्त्रिक पार्टी (लोसपा) का अमरेशनारायण झाले ६ हजार ९०९ मत पाएका थिए।

दोस्रो संविधानसभा निर्वाचन, २०७० मा पनि यो क्षेत्रबाट कांग्रेसकै निधि १५ हजार ३१ मत ल्याएर निर्वाचित भएका थिए। निकटतम प्रतिस्पर्धी नेकपा एमालेकी जुलीकुमारी महतोले १३ हजार ५३९ मत पाइन्। त्यसबेला एकीकृत नेकपा (माओवादी) का हरिदेव मण्डलले २ हजार ५२३ मत पाएका थिए।

संविधानसभाबाट २०७२ सालमा संविधान जारी भएपछि २०७४ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा धनुषा-३ बाट राष्ट्रिय जनता पार्टी नेपालका राजेन्द्र महतो विजयी भएका थिए। महतो ३० हजार ७५० मतसहित निर्वाचित हुँदा निकटतम प्रतिस्पर्धी कांग्रेसका निधि २७ हजार ८४७ मतमा रोकिए।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ मा धनुषा-३ बाट एमालेकी जुलीकुमारी महतो ३३ हजार ३८८ मतसहित निर्वाचित भएकी थिइन्। उनका निकटतम प्रतिस्पर्धी लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल (लोसपा) का अनिलकुमार झाले २३ हजार ६८६ मत पाएका थिए।

स्थानीय तह निर्वाचन, २०७९ मा यो क्षेत्रमा पर्ने मुखियापट्टी मुसहरनिया गाउँपालिकामा जनता सामाजवादी पार्टी (जसपा) नेपालका जयकुमार यादव ५ हजार ४१० मत ल्याएर अध्यक्ष निर्वाचित भएका छन्। उक्त चुनावमा अध्यक्षका लागि कांग्रेसका उम्मेदवार रामबाबु यादवले २ हजार ४५५ र एमालेका सुशीलकुमार यादवले १ हजार ७६८ मत पाएका थिए। ६ वटा वडा रहेको यस पालिकामा ४ वटामा जसपा, एउटामा कांग्रेस र एउटामा तत्कालीन नेकपा एकीकृत समाजवादीका वडाध्यक्ष निर्वाचित भएका छन्।

नगराइन नगरपालिकामा विनयकुमार यादव ५ हजार ५५६ मत ल्याएर मेयर निर्वाचित भएका छन्। उक्त चुनावमा मेयरका उम्मेदवार एमालेका रामबाबु पञ्जियारले ५ हजार ५१४, लोसपाका राजेश चौधरीले २ हजार ७५८ र जसपाका महेश मण्डलले ४४३ मत ल्याएका थिए। ९ वटा वडा रहेको यस नगरमा ४ वटामा कांग्रेस, ४ वटामा एमाले र एउटामा लोसपाका वडाध्यक्ष निर्वाचित भएका छन्।

धनौजी गाउँपालिकामा कांग्रेसका राजकुमार साह २ हजार २६२ मतसहित अध्यक्षमा निर्वाचित भएका छन्। उनीभन्दा पछाडि रहेका लोसपाका जिवेन्द्र झाले २ हजार १६३ मत, र एमालेका रामबाबु साहले १ हजार ४९५ मत पाएका थिए। पाँचवटा वडा रहेको यस गाउँपालिकामा ४ वटामा कांग्रेसका अध्यक्ष एउटामा लोसपाका अध्यक्ष निर्वाचित भएका छन्। जनकपुरधाम उपमहानगरपालिकामा कांग्रसका मनोजकुमार साह मेयर छन। चुनावमा कांग्रेसले जसपासँग गठबन्धन गरेको थियो।

सहमतिअनुसार जसपाले मेयर र कांग्रेसले उपमेयरमा उम्मेदवार बनाएका थिए। कांग्रेस निर्णयविरुद्ध मनोजकुमारले बागी उम्मेदवारी दिएका थिए। मनोजकुमार १३ हजार ४६५ मत पाएर विजयी भएका थिए। लालकिशोरले ५ हजार १९४ मत पाएका थिए। त्यस्तै मेयरका उम्मेदवार लोसपाका मनोज चौधरीले ५ हजार ३६० र एमालेका शिवशंकर साहले ९ हजार ५३२ मत ल्याएका थिए। यो उपमहानगरपालिकामा १६ वटा वडा छन्। ७ वटा वडामा कांग्रेस, ५ वटा वडामा एमाले, ३ वटा वडामा स्वतन्त्र र एउटा वडामा लोसपाका वडाध्यक्ष निर्वाचित भएका छन्।

पछिल्लो प्रतिनिधिसभा र स्थानीय तह निर्वाचन मत परिणामले फागुनमा हुने प्रतिनिधिसभा सदस्य चुनावमा एमाले र कांग्रेसबिच कडा टक्कर हुने देखाउँछ। तर मुलुकमा भएको राजनीतिक परिवर्तनपछि हुन लागेको चुनावमा मतदाताले पनि नयाँ खोजेको देखिन्छ।

## काठमाडौंमा...

उनका अनुसार गत साल काठमाडौंमा हिउँदे वर्षा भएको थिएन। काठमाडौंमा बुधबार अधिकत तापक्रम १५.८ र न्यूनतम तापक्रम ७५ डिग्री मापन गरिएको छ।

विभागका अनुसार अबको २४ घण्टा तराईका धेरै स्थानमा हुस्सु/कुहिरो रहनेछ। कोसी, बागमती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा आंशिक बदली, हल्का हिमपात/वर्षाको सम्भावना छ भने बाँकी भूभागमा मौसम मुख्यतया सफा रहने छ। विभागका अनुसार हाल नेपालमा पश्चिमी न्यूनचापीय प्रणालीको प्रभाव देखिएको छ।

वर्षा र हिमपातका कारण चिसो बढ्ने हुनाले सबैलाई सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ। मौसमविद्ले डिसेम्बर, जनवरी, फेब्रुवरी चिसो हुने र त्यसमा पनि जनवरी सबैभन्दा बढी चिसो हुने बताएका छन्।

उनीहरूका अनुसार चिसोयाममा हावाको बहाव कम हुने भएकाले धुलोका मसिना कण (२.५ पिएम) जमिनको सतहमै हावामा टाँसिएर बस्छन्, जसले मानव जीवनमा घातक असर पार्न सक्छन्। गर्मीयाममा भने हावाको बहाव बढी हुने भएकाले धुलोका त्यस्ता कण जमिनको सतहबाट निकै माथि पुग्छन्।


### बढैयाताल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मैनापोखर, बर्दिया

## ठेक्का सम्झौता अन्त्य गर्नु पूर्व जारी गरिएको अत्यन्त जरुरी सूचना

सुचना प्रकाशित मितिः- २०८२/१०/१५

यस गाउँपालिका अन्तर्गत संचालित तपसिलको परामर्श सेवा खरिद कार्य सम्झौता बमोजिम परामर्शदाताले तोकिएको समय सिमाभित्र कार्य सम्पन्न नगरेको, पटक पटक लिखित पत्राचार गर्दासमेत परामर्श सेवा खरिद कार्य सम्पन्न गर्ने/गराउने सम्बन्धमा कुनै तदारुकता नदेखिएको हुँदा अन्तिम पटकका लागि ३० दिनको समयावधि भित्र उक्त परामर्श सेवाको कार्य सम्पन्न गर्नु गराउनु हुन सुचित गरिन्छ। ७ दिन भित्र यस कार्यालयमा उपस्थित भइ लिखित स्पष्टिकरण समेत पेश गर्नुहुन जानकारी गरिन्छ, अन्यथा Contract Document GCC Clause १९(a), सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ अनुसार उक्त ठेक्का सम्झौता अन्त्य गरिने व्यहोरा जानकारी गरिन्छ।

| क्र.स. | परामर्श सेवाको नाम | परामर्शदाताको नाम | परामर्श सेवा नाम/नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. | सडक यातायात गुरुयोजना तयार Preparation of Rural Municipality Transport Master Plan (MTMP) | पी एण्ड डी कन्स्ट्रक्सन एण्डइन्टेरियर्स प्रा. लि.,स्वयम्भुनाथ, काठमाण्डौ | (BTRM/CS/01/2079/080) | |



### मेचीनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

## बोलपत्र/सिलबन्दी दरभाउ आव्हानको सूचना

प्रकाशित मिति :२०८२/१०/१५

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको लागि मिति २०८२/१०/१५ गते https://www.bolpatra.gov.np/egp मा ई बिड मार्फत सूचना आव्हान भएको हुदा आवश्यक कागजपत्रहरु संलग्न राखी बोलपत्रको हकमा रु ३००० (तिन हजार मात्र) र सिलबन्दी दरभाउको हकमा रु १००० (एक हजार मात्र) पछि फिर्ता नहुने गरी श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता नं. १०६०३०००००१००१००००००१ मा नगद जम्मा गरि ई-बिड को माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। थप सूचना https://www.bolpatra.gov.np/egp बाट हेर्न सकिनेछ।

**तपसिलः**

| क्र.स | बोलपत्र/सिलबन्दी दरभाउ प्रकाशित मिति | बोलपत्र /सिलबन्दी दरभाउ पेश गर्ने अन्तिम मिति | ठेक्का न | योजनाको नाम | लागत अनुमान (मु.अ.कर कन्टिनजेंसी र पी एस सहित) | बिड सेक्युरिटि रु |
|---|---|---|---|---|---|---|
| १. | २०८२/१०/१५ (दोसो पटक प्रकाशित) | २०८२/११/०१ | 51/Nawadurga bhawan/ w14/SQ/Mechi/2082/083 | Nawa Durga Mandir Bhawan Nirman Mechinagar Na.Pa. 14 Adarsatol Jhapa | ५,९९,९७१.१७ | १५,०००.०० |
| २. | २०८२/१०/१५ (दोसो पटक प्रकाशित) | २०८२/११/०१ | 52/Pabitra Ma Bi Bhawan/w01/SQ/ Mechi/2082/083 | Pabitra Ma.BiAdhuro Bhawan Nirman, Mechinagar-01 | १०६६७९९.३६ | २५,०००.०० |
| ३. | २०८२/१०/१५ (दोसो पटक प्रकाशित) | २०८२/११/०१ | 55/CulvertGabion/w10/ SQ/Mechi/082/083 | Daisy Gurungko Gharagadi Culvert (Humepipe) Nirman& Rekha Urauko Ghar Uttar Dhukure Kholama Tatbandhan, Mechinagar-10 | १२,४९,९२९.८० | ३०,०००.०० |
| ४. | २०८२/१०/१५ | २०८२/११/०१ | 58/Pavement Block works/Mechi/ SQ/2082/083 | Sita Rimal ko ghardakshinbato Sttarunnati, Mechinagar 10 | १९,९९,९९१.७० | ५०,०००.०० |
| ५. | २०८२/१०/१५ | २०८२/११/०१ | 59/Construction work/ w15/SQ/Mechi/2082/083 | Construction of drain and plum wall in six different locations at Mechinagar-15 | १७,९९,५०७.४९ | ४५,०००.०० |
| ६. | २०८२/१०/१५ (तेस्रो पटक प्रकाशित) | २०८२/१०/२२ | 21/Chemical Reagent/ SQ/Mechi/2082/083 | Procurement for Supply of Chemical /Reagents for Tulip cell counter councellpenta2.0, Five part for Mechinagar Basic Hospital, Dhulabari Jhapa | १६,२७,२००.०० | ४०,०००.०० |
| ७. | २०८२/१०/१५ (तेस्रोपटक प्रकाशित) | २०८२/१०/२२ | 22/ChemicalReagent/SQ/ Mechi/2082/083 | Procurement for Supply of Chemical /Reagents for Calibrator for Ion-Selective analyzer (Carelyte) for Mechinagar Basic Hospital, DhulabariJhapa | ३,७९,६८०.०० | १०,०००.०० |
| ८. | २०८२/१०/१५ (दोसो पटक प्रकाशित) | २०८२/११/०१ | 50/Revenue/Timai Hadiya River/ NCB/2082/083 | Revenue collection by extraction of Riverine materialfrom Timai & H adiya River Package -three | न्युनतम ठेक्का अंक (मु.अ. कर बाहेक) ४९,३२,७९१.१८ | सूचनामा उल्लेख भए बमोजिम |

प्रमुख प्रशासकिय अधिकृत



## कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/१०/१५ गतेको नागरिक राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंकको शाखा कार्यालय कमलपोखरीबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सवैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं | ऋणीको नाम, ठेगाना | व्यक्तिगत जमानतकर्ताको विवरण |
|---|---|---|
| १ | **नाम : पुष्कर घिमिरे**<br>ना.प्र.प.न. : ४८४००/५०४००,<br>जारी मिति : २०५६/४/७, सुनसरी<br>स्थायी ठेगाना : सुनसरी जिल्ला मधेशा गा.वि.स. वडा न. ५<br>बाबुको नाम : हेमन्त घिमिरे<br>बाजेको नाम : मान बहादुर घिमिरे | **१. प्रिति शंकर (घिमिरे)**<br>ना.प्र.प.न. : ०६-०१-७२-०२८८७,<br>जारी मिति : २०७२/०३/१४, सुनसरी<br>स्थायी ठेगाना : सुनसरी जिल्ला मधेशा गा.वि.स. वडा न. ५<br>बाबुको नाम : प्रेम बहादुर विश्वकर्मा<br>पतिको नाम : पुष्कर घिमिरे |

**धितोको विवरण**

साविक ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लि. (हाल सुर्य ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लि.) को तपसिल बमोजिमको जिवन बिमालेख

| सि.नं. | बीमितको नाम | बीमालेख नं. | जीवन बीमा रकम | जारी मिति | अवधि |
|---|---|---|---|---|---|
| १ | पुष्कर घिमिरे | ७०३००००७६३ | रु. १,२२,८०,०००/- | २०२२/०३/११ ई.सं | १५ वर्ष |

| क्र.सं | ऋणीको नाम, ठेगाना | व्यक्तिगत जमानतकर्ताको विवरण |
|---|---|---|
| २ | **नामः खुमानन्द गौतम**<br>ना.प्र.प.न. : ४३३०/२२२५<br>जारी मिति : २०४७/१२/२२, काठमाण्डौ<br>बाबुको नाम : केशव राज गौतम<br>बाजेको नाम : कान्त गौतम<br>स्थायी ठेगाना : गुल्मि जिल्ला, अर्खले ,वडा नं. ०६ | **१. दिपक सुवेदी**<br>ना.प्र.प.न. : १०८४३०<br>जारी मिति : २०६३/०१/२७, नुवाकोट<br>बाबुको नाम : बद्रि प्रसादपाध्य सुवेदी<br>बाजेको नाम : खगेश्वर प्रसादपाध्य सुवेदी<br>स्थायी ठेगाना : नुवाकोट जिल्ला, खड्गभञ्ज्याङ - ८ |

**धितोको विवरण**

बैंकको नाममा रोक्का रहेको निम्न उल्लेखित शेयरहरु।

| शेयरधनीको नाम | शेयर धितोमा रहेको कम्पनीको नाम | कुल शेयर संख्या |
|---|---|---|
| खुमानन्द गौतम | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (संस्थापक शेयर) | २६,५९३ |

| क्र.सं | ऋणीको नाम, ठेगाना | व्यक्तिगत जमानतकर्ताको विवरण |
|---|---|---|
| ३ | **नाम : शंजू श्रेष्ठ**<br>ना.प्र.प.न. २७ १०६०/४८२७३,<br>जारी मिति २०६६/०८/०१, काठमाण्डौ<br>बाबुको नाम : शिव भक्त राजलावाट<br>पतिको नाम :- अनिल कुमार श्रेष्ठ<br>स्थायी ठेगाना : काठमाण्डौ जिल्ला, का.म.पा वडा नं. ७ | **१. अनिल कुमार श्रेष्ठ**<br>(ना.प्र.प.न. २७ ४१९०/१२०<br>जारी मितिः २०४०/८/६, काठमाण्डौ<br>बाबुको नाम : अमृतलाल श्रेष्ठ<br>बाजेको नाम : कुञ्जलाल श्रेष्ठ<br>स्थायी ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ वडा नं. ७ |

**धितोको विवरण**

साविक ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लि. (हाल सुर्य ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लि.)को तपसिल बमोजिमको जिवन बिमालेख

| सि.नं. | बीमितको नाम | बीमालेख नं. | जीवन बीमा रकम | जारी मिति | अवधि |
|---|---|---|---|---|---|
| १ | शंजु श्रेष्ठ | ७०८००००७७६ | रु. २९,८०,०००/- | २०२२/०३/१६ ई.सं | १५ बर्ष |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१–५९६०३६–१२
शाखा कार्यालयः कमलपोखरी, काठमाडौं, फोन नं.०१–५९७०३०६
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

संक्रमणकालीन न्याय

# द्वन्द्वपीडित भन्छन्– घोषणापत्र रित्तो नहोस्

> दसबर्से माओवादी द्वन्द्वबाट रूपान्तरण हुँदै जारी गरिएको नयाँ संविधान र शान्तिसम्झौतासमेतले समेटेको संक्रमणकालीन न्याय आज पनि उधारोमा छ। मृतक, बेपत्ता, घाइते अपांग तथा पहुँच हुनेले विभिन्न नाममा राहत लिए पनि द्वन्द्वकालमा यौनजन्य हिंसा भोगेकाहरूको न तथ्यांक खोजियो न त उनीहरूको अवस्थाका बारेमा कोहीकसैलाई चासो भएको देखियो।




दिनेश सुवेदी

*रोल्पा, माघ १४*

तत्कालीन माओवादी लडाकु ‘कमरेड १४’ परिवर्तनका लागि भन्दै युद्ध लड्न २०६० सालको अन्त्यतिर गण्डक क्षेत्रमा थिइन् । सेनाको घेराबन्दीपछि पक्राउ परेकी उनले पोखरामा सैन्य हिरासत र कारागार गरी २३ महिना नारकीय जीवन बिताइन् । हिरासतमा महिनौं यौन शोषणमा परेकी उनी शान्तिकालपछि विछिप्त अवस्थामा घर आइन् । न उनलाई उनकै दलले कहिल्यै खोज्यो न त अरू कसैले कस्तो छ भनेर सोधे।

शरीरमा गोलीका छर्रा बोकेर अधकचल्टो जीवन बिताइरहेका स्थानीय पूर्वलडाकुसँगै बिहे गरेकी उनी आज पनि हरेक रात तड्पाइमा बिताउँछिन् । शान्तिसम्झौताका बुँदाहरू रेडियोमा सुनेकी ‘कमरेड १४’ शान्तिप्रक्रियापछिका हरेक निर्वाचनमा दलले निकालेका घोषणापत्र हेरेर दिक्क छिन् । संक्रमणकालीन न्यायका सवालमा युद्ध लडेको दलले समेत आफ्ना मुद्दा समेट्न नसकेकोमा उनको चित्त दुखाइ छ।

दुई भाइ छोराको सामुन्ने सुरक्षाकर्मीले कपडा फुकालेर फाल्दै गर्दा विद्रोह गरेको कान्छो छोरालाई गोली हानी जेठो छोराका आँखाअगाडि आफूलाई बलात्कार गरेको ‘कमरेड १७’ लाई कोहीसँग भरोसा छैन । माओवादी भएकै कारण श्रीमान् गुमाएकी उनले छोरो पनि गुमाइन् अनि आफू लुटिइन् । शारीरिक र मानसिक समस्यासँग लडिरहेकी उनलाई आउँदै गरेको चुनावमा भोट हाल्न पनि मन छैन । श्रीमान र छोरा मारिएको अनि आफूमाथि हिंसा भएको जानेबुझेका उम्मेदवारहरू कुनै चुनावमा भोट माग्नबाहेक अरूबेला फर्किएका छैनन् ।

दुईजना कमरेडलाई बाहिर पेटीमा बसाएर भान्सामा खाना पकाउन आदेश दिन घरभित्र छिरेका माओवादी कमान्डले १५ वर्षकी ‘जलजला ११’ लाई बलात्कार गरी हिँडेपछि विछिप्त उनी छिर्केबिर्के कपडासँग आज पनि डराउँछिन् । कांग्रेस भएकै कारण बुबालाई मारिएपछि उनी बलात्कारमा समेत परिन् तर आजसम्मका धेरै चुनावमा उनका सबाल कसैले उठाएको देखिनन् ।

‘माओवादी भएकै कारण महिनौं सामुहिक बलात्कारमा परेका म र मजस्ता कसैको आवाज कुनै दलले घोषणापत्रमा उल्लेख गर्ने हिम्मत गर्दैनन् । उनीहरू सबैलाई चाहिएको सत्ता रैछ’, कमरेड १४ ले गुनासो गरिन् । कमरेड १७ ले थपिन्, ‘हामीलाई कपडा फुकालेर नंग्याइयो । नेतृत्व कपडा लगाएर पनि नांगै छन् । यसपालि त चुनावमा भोट हाल्नै मन नै छैन । हाम्रो सवालसँग कसैलाई मतलब छैन भने किन हाल्ने भोट ?’ पहिलेका जस्तै घोषणापत्र रित्तो नबनोस् भन्ने उनको कामना छ।

यतिबेला देश निर्वाचनमय छ । सबैलाई जसरी भए पनि चुनाव जित्नु छ । जनजीविकाका सवालभन्दा पनि सबै उम्मेदवारलाई भोट कसरी तान्ने भन्ने धुन देखिन्छ । दलले उम्मेदवार मैदानमा पठाएका छन् भने केही स्वतन्त्र भन्दै मैदानमा छन् तर भुइँमान्छेका सवालसँग कसैलाई मतलब भएको देखिँदैन । ठुला भनिएका दलहरूले यसअघिका धेरै निर्वाचनमा सशक्त सहभागिता जनाए। पुराना भनिएका र नयाँ कुनै पनि दलले घोषणापत्रमा छुटाउनै नहुने कुरा समेट्ने छाँट देखिँदैन।

दसबर्से माओवादी द्वन्द्वबाट रूपान्तरण हुँदै जारी गरिएको नयाँ संविधान र शान्तिसम्झौतासमेतले समेटेको संक्रमणकालीन न्याय आज पनि उधारोमा छ । मृतक, बेपत्ता, घाइते अपांग तथा पहुँच हुनेले विभिन्न नाममा राहत लिए पनि द्वन्द्वकालमा यौनजन्य हिंसा भोगेकाहरूको न तथ्यांक खोजियो न त उनीहरूको अवस्थाका बारेमा कोहीकसैलाई चासो भएको देखियो।

‘पुराना दलका नेतृत्वलाई आफू जेल जान नपर्ने गरी मुद्दा उठान मात्र गर्नुपर्छ । नयाँ दलले हाम्रा मुद्दालाई सवाल नै ठान्दैनन् ।’ यौन हिंसापीडितहरूको सञ्जाल अपराजिताका देवी खड्काले भनिन्, ‘न पुराना निर्वाचनमा हाम्रा मुद्दा घोषणापत्रमा अटाए न अब अटाउलान् ?’ उनका अनुसार जेनजी आन्दोलनको कमजोरी संक्रमणकालीन न्याय टुंग्याउन नसक्नु पनि हो।

सत्यनिरूपण तथा मेलमिलाप आयोगमा पुराना तीन सय १४ र नयाँ तीन हजार नौ सय १२ उजुरी गरी चार हजार दुई सय ३६ उजुरी न्यायको पर्खाइमा छन् । तीन महिना उजुरी संकलनमा सकाएको आयोगले पछिल्लो समय आफ्नो गतिविधि सन्तोषजनक तरिकाले गर्न सकेको छैन। ‘जेनजी आन्दोलन र चुनावले हाम्रो काममा अवरोध गरेको छ । आन्तरिक रूपमा काम गरिरहेका छौं ।’ आयोग प्रवक्ता अच्युतप्रसाद भण्डारीले भने, ‘गोप्य रहने उजुरी खोलेका छैनौं ।’

अभियन्ता देवी खड्का आफ्ना मुद्दा ओझेल पारिएकोमा असन्तुष्ट छिन् । ‘संक्रमणकालीन न्यायजस्तो संवेदनशील विषय त्यसमा पनि गम्भीर प्रकृतिका सवालमा नेतृत्व मौन बस्नु दुःखद् कुरा हो ।’ उनीजस्तै ‘कमरेड १४’ पनि जनताका भजन गाउने तर भोटको मात्र खेती गर्नेसँग आक्रोशित छिन्, ‘बलात्कारमापरेको २० वर्षसम्मवास्ता नगर्ने अझ कतिबेला त प्रमाण देखा पो भन्छन् ।’

२०६४ यता भएका हरेक निर्वाचनमा समेट्न नसकिएका सवाल यसपटक पनि छुट्ने सम्भावना देखेका द्वन्द्वपीडित चिन्तामा छन् । पुराना दलका नेतृत्वलाई आफू जेल जानबाट कसरी बच्ने भन्ने ध्यान छ भने नयाँ दलहरूलाई संक्रमणकालीन न्याय भन्ने नै गतिलोसँग थाहा छैन। द्वन्द्वको इपिसेन्टर रोल्पाबाट २०६४ सालमा चुनाव जितेर गएका प्रचण्ड यसपटक अर्को इपिसेन्टर रुकुमपूर्वमा छन् तर उनी पनि द्वन्द्वका मुद्दाबाट भाग्न खोजेको देखिन्छ। द्वन्द्वकालका अर्का मुख्य पात्र शेरबहादुर देउवा चुनावको राजनीतिमा नदेखिए पनि उनको दलले पनि द्वन्द्वकालीन सवालमा चासो दिनुपर्ने पीडितको माग छ।

## शान्तिपूर्ण सहअस्तित्व दिवस

काठमाडौं, माघः १४ (रासस)- आज अन्तर्राष्ट्रिय शान्तिपूर्ण सहअस्तित्व दिवस । यस अवसरमा विश्वव्यापी रूपमा अस्थिरता र द्वन्द्व बढ्दै गएसँगै अन्तर राष्ट्रिय शान्तिपूर्ण सहअस्तित्व दिवस विविध संस्कृति, मूल्य, जीवनशैली र विश्वासप्रतिको सचेतना बढाउन र सहिष्णुता प्रवर्धनमा शिक्षाको भूमिका उजागर गर्न यो दिवस पहिलोपटक विश्वका विभिन्न मुलुकमा मनाइँदै छ। गत मार्चमा संयुक्त राष्ट्रसंघको महासभाले हरेक वर्ष यो दिवस २८ जनवरीमा मनाउने घोषणा गरेको हो ।

धार्मिक र सांस्कृतिक विविधता तथा मानवअधिकारको सम्मानका साथै विश्वका सबै देश, अन्तर्राष्ट्रिय संगठन, नागरिक समाज र सञ्चारमाध्यमलाई शान्ति, समावेशिता, समझदारी र एकता प्रवर्द्धनका निम्ति यो दिवसले प्रेरित गर्ने राष्ट्रसंघको विश्वास छ ।

यो दिवस अन्तर्राष्ट्रिय समुदायलाई राष्ट्रसंघ स्थापनाका उद्देश्य र सिद्धान्तप्रति आफ्नो प्रतिबद्धता पुनः पुष्टि गर्ने अवसर पनि हो । शान्ति केवल युद्ध नहुनु मात्र होइन; यो विविध लिङ्ग, जाति, भाषा, धर्म र संस्कृतिका बीचमा एकता एवं आत्मीयता कायम गर्दै सहअस्तित्व विकास गर्ने दिवस भएको राष्ट्रसङ्घले जनाएको छ ।

**Molung Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Prapcha, Okhaldhunga**

**Invitation for Bids**

Invitation for Bids for works described as below.
First Date of Publication: 29-01-2026

Molung Rural Municipality, office of the Rural Municipal Executive, Okhaldhunga invites only Electronic Bids from eligible bidders for the following works under Sealed Quotation.
For the further information, please visit E-GP portal of PPMO i.e. (https://www.bolpatra.gov.np ).

| S. N. | Description of Work | Contract Identification No. | Last date of bid submission | Estimated Amount, NRs (Exclusive of VAT and Contingencies) | Bid Security amount NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|---|
| 1. | Majkharka Dhangdhang Thalleri Sadak Nirman and Ragadip Area Road Marmat Project Molung-8 | 01/SQ/WORKS/ MRM/082/83 | 15-02-2026 12:00 | 13,84,136.72 | 41,000 | 1000 |
| 2. | Kalika Aaabi Nepal Padhero , Gurukul School Truss Bhawan Nirman Molung-4 and two room truss bhawan nirman chaurikharka molung-8 | 02/SQ/WORKS/ MRM/082/83 | 15-02-2026 12:00 | 14,67,067.70 | 44,000 | 1000 |
| 3. | Tanku Khimli Road Maintenance Project Molung-8 and Manegau Jiban Pradip Mavi Road Construction Project Molung-4 | 03/SQ/WORKS/ MRM/082/83 | 15-02-2026 12:00 | 10,60,687.89 | 32,000 | 1000 |



अरूको बाटो उज्यालो बनाएपछि मात्र तपाईंको बाटो उज्यालो बन्छ ।
–गौतम बुद्ध

# बोलीमा बेइमानी

आमचुनावको पूर्वसन्ध्यामा दलका उम्मेदवार तथा नेताले सार्वजनिक मञ्चमा बोल्ने विषय, भाषा तथा प्रस्तुति चासोको विषय बन्छ । झन् खास खास समुदाय तथा क्षेत्रलक्षित टिप्पणीले तत्तत् नेताप्रतिको सर्वसाधारणको धारणा र चुनावी नतिजामा समेत प्रभाव पर्न सक्ने हुन्छ । यो विषय विगतमा जति संवेदनशील थियो, अहिले पनि उत्तिकै छ । नेपाल बहुधार्मिक, बहुसांस्कृतिक र विविध भौगोलिक क्षेत्रमा बाँडिएको राष्ट्र हो र सदियौंदेखि नेपालीहरू विविधताका बाबजुद पनि एकता र आपसी सद्भावमा रहँदै आएका छन् ।

चुनावी प्रचारप्रसारमा निश्चित दल र समुदायलाई फाइदा पुग्ने गरी सद्भावलाई बिथोल्ने प्रयास हुने गर्छ । त्यसमा सबै सचेत हुन जरुरी छ । यो सन्दर्भमा एमालेका नेता महेश बस्नेत र पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले केही दिनअघि व्यक्त गरेका भनाइ विवादास्पद बन्न पुगे । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहले जनकपुरमा आयोजित सभालाई सम्बोधन गर्दै मैथिली भाषामा भनेका थिए, 'आइ एगो मधेसी छौरा प्रधानमन्त्री बनेवाला हैं, तइ लेल घण्टी मे भोट नइ दइ के हइ, सही लोग आबै हइ, तइ लेल मत दइ के हइ ।' उनले 'आज मधेसको एउटा छोरा प्रधानमन्त्री बन्दै छ भनेर घण्टीमा भोट दिने होइन, सही मान्छे आउँदै छ भनेर त्यसका लागि मत दिने हो' भनेका थिए । मैथिली भाषाका बालेन्द्रले भनेको 'छौरा' शब्दको अर्थ नेपालीमा 'ठिटो' वा 'केटो' हुन्छ ।

बालेन्द्रका आलोचक रहँदै आएका एमाले नेता महेश बस्नेतले एक सार्वजनिक कार्यक्रमा बालेनको त्यही 'छौरा' शब्दलाई 'छाउरा'का रूपमा व्याख्या गरेर ठट्टा गरेका थिए । उनको त्यो भनाइको चौतर्फी आलोचना भयो । भाषाविद्, आफ्नै पार्टीका नेता र अन्यको चर्को विरोधपश्चात् उनले सार्वजनिक सञ्जालमार्फत उक्त भनाइलाई फिर्ता लिँदै आफ्नो भनाइले कसैलाई चोट पुगेको भए माफीसमेत मागे । चुनावको पूर्वसन्ध्यामा विचार नपुऱ्याई बोलिएको यो भनाइले कसैको हित गरेन । अहिले पनि सामाजिक सञ्जालमा उनको यो भनाइलाई लिएर आलोचना भइरहेको छ र चुनावमा मधेसले यसको प्रत्युत्तर दिने भनाइसमेत आइरहेका छन् । यो अनपेक्षित हो ।

यसैगरी पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष ओलीले एउटा टेलिभिजन च्यानलको अन्तर्वार्तामा 'झापाको दमक सफा नगरहरूमध्ये पर्छ, व्यवस्थित नगरहरूमध्ये पर्छ । महोत्तरी, धनुषाजस्तो अवस्थामा होइन, त्योभन्दा धेरै एडभान्स छ, सफासुग्घर बेग्लै छ । उहाँ (बालेन्द्र) त्यो कल्चरबाट आएको मान्छे यस कल्चरमा उहाँले गुइँठा बाल्न सिकाउनुहुन्छ कि के गर्नुहुन्छ, मलाई थाहा छैन । यो ठाउँ त धेरै एडभान्स छ नि' भनेका थिए । ओलीको उक्त भनाइले मधेसलाई अपमान गरेको भन्दै सामाजिक सञ्जालमा निकै आलोचना भयो । उनले अभिव्यक्ति आफ्ना चुनावी प्रतिस्पर्धी बालेन्द्रलक्षित भए पनि यो भनाइले ती जिल्लाका स्थानीयले असजिलो महसुस गर्नु स्वाभाविक हो ।

> चुनावको बेला नेताको बोलीको सन्दर्भ झनै संवेदनशील बन्ने गर्छ । अफवाह, उक्साहट, राजनीतिक स्वार्थ र सामाजिक सञ्जालमार्फत फैलाइने घृणात्मक सामग्रीले सामाजिक दुर्घटनाका लागि भूमिका खेलेको देखिन्छ ।

यसैगरी रास्वपाका उम्मेदवार खगेन्द्र सुनारले गाईको मासुको विषयमा बोलेको भनेर सामाजिक सञ्जालमा आएको भनाइ पनि विवादास्पद बनेको छ । यसको सामाजिक सञ्जालमा चर्को विरोध भइरहेको छ । कतिपय स्थानका उनको पुत्ला दहनसमेत भएका भिडियो सामाजिक सञ्जालमा देख्न सकिन्छ । आफ्नो सामाजिक सञ्जालमा उक्त भनाइको खण्डन गर्दै आफू शाकाहारी रहेको र आफ्नो भनाइलाई तोडमोड गरेर घृणा फैलाउने कार्य भएको सुनारले दाबी गरेका छन् । उता, विश्व हिन्दु महासंघले सुनारको भनाइप्रति रास्वपाका अध्यक्ष रवि लामिछानेले प्रस्टीकरण गर्नुपर्ने मागसमेत गरेका छन् । रास्वपाका बाँके क्षेत्र नम्बर ३ का उम्मेदवार समेत रहेका सुनारलाई निर्वाचन आयोगले मंगलबार स्पष्टीकरण सोधेको छ । यस विषयमा सत्यतथ्य आउने नै छ, तर यस्ता विषयले सामाजिक तथा धार्मिक सद्भाव बिथोल्ने निश्चित छ ।

स्मरणीय छ, केही साताअघि मात्र रौतहटका केही युवाले सामाजिक सञ्जालमा सम्प्रेषण गरेका घृणात्मक विषयवस्तुबाट सुरु भएको एक विवाद मधेस प्रदेशका विभिन्न स्थानमा हिन्दु तथा मुस्लिम समुदायबिच द्वन्द्व र वीरगन्जमा कर्फ्युसमेत लगाउनुपर्ने स्थितिमा पुगेको थियो । विशेषगरी साम्प्रदायिक सद्भाव खलबल्याउन पछिल्ला दिनमा सामाजिक सञ्जाल, मिथ्या सूचना र केही हदसम्म गलत समाचार सम्प्रेषण जिम्मेवार देखिएका छन् । अफवाह, उक्साहट, राजनीतिक स्वार्थ र सामाजिक सञ्जालमार्फत फैलाइने घृणात्मक सामग्रीले यस्ता घटनाका लागि भूमिका खेलेको देखिन्छ । चुनावको बेला नेताको बोलीको सन्दर्भ संवेदनशील बन्ने गर्छ । निहित उद्देश्य बोकेर धार्मिक, सांस्कृतिक, सामाजिक सद्भाव बिथोल्न चाहनेलाई सामाजिक सञ्जाल सजिलो माध्यम बनेको छ । सामाजिक सञ्जाल वा अन्य माध्यममा कसैको भनाइलाई सजिलै तोडमोड गर्ने गरिन्छ । एआईको प्रयोगले यसलाई झनै सहज पारेको छ ।

नेपालले अशिक्षा, गरिबीसँग लड्नुपर्ने समयमा घृणा, हिंसा र विभाजनमा समाज धकेलिँदा हिंसा बढाउन चाहने मुट्ठीभर व्यक्तिबाहेक कसैको स्वार्थपूर्ति हुँदैन । आधुनिक समाजमा यो अस्वीकार्य विषय पनि हो । यस प्रकारका घटनाले समग्र समाज, राज्य तथा नागरिक सबैलाई कमजोर पार्छ । त्यसैले संयम, संवाद र सहअस्तित्वको बाटो अवलम्बन गर्नु नै अहिलेको पहिलो आवश्यकता हो । सबैभन्दा महत्त्वपूर्ण विषय नेपालले आफ्नो बहुसांस्कृतिक र बहुधार्मिक चरित्रलाई कायम राख्नुपर्छ र यो विषयमा सबै सजग सजक रहनुपर्छ ।



रेवतीप्रसाद भुसाल

# युवा : वय कि विचार ?




**अनुभवहीन र चञ्चल तन्नेरीभन्दा अनुभवी र पाको प्रौढले सुविचारित निर्णय गर्न सक्छ । तसर्थ मानिसको उमेर गणना गरी त्यसको पछि लाग्नुभन्दा मानिसको सोचको विश्लेषण गरी समर्थन वा विरोध गर्नु उचित हुन्छ ।**

नेपाली कांग्रेसका तत्कालीन महामन्त्रीहरूले बोलाएको विशेष महाधिवेशनलाई मुलुकका सञ्चार माध्यमहरूले राम्रै स्थान दिएका थिए । म स्वयं कांग्रेसमा आबद्ध भएका कारण त्यो अधिवेशनसम्बन्धी समाचार तथा लेखहरूमा मेरो दृष्टि जानु स्वाभाविक हो । विशेष महाधिवेशनले गरेका अरू निर्णय कार्यान्वयन हुने हुन् कि होइनन्, त्यो आउने समयले बताउला तर त्यसको प्रमुख निर्णय कांग्रेसको नेतृत्व परिवर्तन कार्यान्वयन भई सकेको छ । यद्यपि यो परिवर्तित नेतृत्वसम्बन्धी रिट सर्वोच्च अदालतमा विचाराधीन रहेको भए तापनि परिवर्तित नेतृत्वले देशको समग्र राजनीति तथा हाल हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनमा प्रभाव पार्ने निर्णयहरू गरिसकेको र निर्वाचन आयोगले त्यसलाई मान्यता प्रदान गरेको हुँदा सर्वोच्च अदालतको राय पनि यसबाट प्रभावित हुने धेरै सम्भावना देखिन्छ । नेपालीले सर्वोच्च अदालतको फैसला कुरेर बस्नु समय सान्दर्भिक पनि छैन । यस्ता राजनीतिक प्रकृतिका न्यायिक प्रश्नहरूमा कुनै फैसला वा राय दिनुभन्दा अल्झाएर राख्ने सर्वोच्च अदालतको परम्परालाई पनि सबैले जानीबुझी राखेकै हो ।

सर्वोच्चमा रहेको मुद्दा यो लेखको मूल विषय होइन । यो लेखको मूल विषय तत् समयमा नेपालका छापा तथा डिजिटल समाचार माध्यमहरूमा महिमामण्डित भएको राजनीतिमा युवाहरूको नेतृत्वको आवश्यकताको विचार सम्बन्धमा मन्थन गर्नु हो । वृद्धतन्त्रको विरुद्धमा तन्नेरीतन्त्रको श्रेष्ठता सुन्दा आकर्षक लागे तापनि त्यसले असल परिणाम दिन सकेन भने केवल युवा रूपको सौन्दर्यमा मात्र नेपालीले सन्तुष्टि लिन सक्दैन । तसर्थ युवा शब्दलाई राजनीतिमा बुझ्दा केवल वयमा नबुझी विचारमा बुझ्नु आवश्यक छ । वयको मात्र कुरा गर्ने हो भने अनुभवहीन र चञ्चल तन्नेरीभन्दा अनुभवी र पाको प्रौढले सुविचारित निर्णय गर्न सक्छ । तसर्थ मानिसको उमेर गणना गरी त्यसको पछि लाग्नुभन्दा मानिसको सोचको विश्लेषण गरी समर्थन वा विरोध गर्नु उचित हुन्छ ।

टोनी ब्लेयरले उग्र वाम र मध्य पन्थीबिचको नीति तेस्रो बाटो नामकरण गरी आफ्नो पार्टीलाई ब्रिटेनको राजनीति र सत्ताको केन्द्रमा तीन कार्यकालसम्म राख्न सफल भए । जस्टिन ट्रुडोले क्यानडाको लिवरल पार्टीको नेतृत्व गर्दै सो पार्टीलाई सन् २०१५ देखि २०२५ सम्म क्यानडाको सत्तामा राख्न सफल भए । सन् २०२५ मा उनको अलोकप्रियता बढेपछि उनी पार्टीको नेतृत्वबाट पछि हटे र अहिले मार्क कार्नी लिवरल पार्टीको नेता र क्यानडाको प्रधानमन्त्री बनेका छन् । फ्रान्सका इम्मान्युयल म्याक्रों सन् २०१७ देखि हालसम्म फ्रान्सका राष्ट्रपति बनेका छन् ।

यी तिनै नेताले पचास वर्षभन्दा कम उमेरमा नै आफ्नो देशको नेतृत्व गर्दै सफलतापूर्वक सरकार सञ्चालन गर्नुको अलावा विश्वको राजनीतिक रंगमञ्चमा उल्लेख्य भूमिका निर्वाह गरे, गर्दै छन् । युवाहरूको नेतृत्वको अर्को पाटो पनि छ । मैले पढेको समाचारपत्रमा युरोपका दुई र अमेरिकाको एक गरी तीन देशका सरकार प्रमुखहरूको उदाहरण दिइएकाले मैले पनि यहाँ युरोपकै दुई देश र अमेरिकाको एक देशका सरकार प्रमुखहरूको उदाहरण प्रस्तुत गरेको छु । हंगेरीका प्रधानमन्त्री भिक्टर अर्वान ३५ वर्षको उमेरमा सन् १९९८ मा अनुदारवादीहरूको गठबन्धनबाट प्रथम पटक प्रधानमन्त्री बनेका हुन् । गठबन्धनको प्रधानमन्त्री भएको र संसद्मा आफ्नो समर्थक सदस्य संख्या कम भएको कारण उनले आफ्नो अलोकतान्त्रिक तथा भ्रष्ट चरित्रअनुरूप खुलेर काम गर्न पाएनन् ।

सन् २०१० मा ४७ वर्षको उमेरमा संसद्मा बहुमतसहित जब उनी दोस्रो पटक प्रधानमन्त्री भए, हंगेरीमा प्रजातन्त्रको क्षयीकरण हुन लाग्यो, भ्रष्टाचार बढ्यो । न्यायिक स्वतन्त्रता कमजोर हुन थाल्यो । सञ्चार स्वतन्त्रतामा बन्देज सुरु भयो । उनले आफ्नो शासन मजबुत गर्न र लोकतान्त्रिक संस्थाहरूलाई कमजोर बनाउन संविधान संशोधन गरे । युरोपमा अहिले हंगेरीको शासनलाई क्लेप्टोक्रेसी (भ्रष्टहरूको शासन) भनिन्छ । साथै हंगेरीलाई माफियाहरूको देश पनि भनिन्छ । डेमोक्रेसी इन्डेक्समा हंगेरी वर्णशंकर शासन भएको देशमा पर्छ । अर्वानले आफ्नो शासनलाई अनुदार क्रिस्चियन प्रजातन्त्र भन्छन् । उनले युरोपियन युनियनलाई राष्ट्रवाद विरोधी भन्छन् र आफूले हंगेरीको क्रिस्चियन मूल्य र राष्ट्रियता संरक्षण गरेको प्रचार गर्छन् ।

टर्कीका हालका राष्ट्रपति रिसेप तैयब एर्दोगान मुस्लिम अनुदारवादी हुन् । उनी सन् २००३ मा ४९ वर्षको उमेरमा टर्कीको प्रधानमन्त्री बनेका हुन् । प्रधानमन्त्रीको कार्यकालमा संसद्को वन्देज र हस्तक्षेपको कारण उनले आफ्नो अनुदारवादी तथा अलोकतान्त्रिक सोचअनुरूप काम गर्न बन्देज महसुस गरे । त्यसैले संविधान संशोधन गरी सन् २०१४ मा राष्ट्रपति निर्वाचित भएपछि टर्कीको प्रजातन्त्रको क्षयीकरण सुरु भयो । उनको शासनलाई सर्वाधिकारवादी शासन मानिन्छ ।

> 'तरुण केवल उमेरले भइँदैन । तरुण हुनका लागि तरुणोचित गुण हुनुपर्छ । मैले यस्ता तरुण पनि देखेको छु, जो उमेरले तरुण भए पनि विचारले असी कटेका वृद्धजस्ता छन् । म अहिले साठी वर्षनजिक पुग्न लागेको छु तर म आफूलाई अहिले पनि तरुण नै सम्झन्छु,' बिपीले तरुण पत्रिकामा राखेको विचार हो यो ।

हाल संयुक्त राज्य अमेरिकाले बन्दी बनाएका दक्षिण अमेरिकी राज्य भेनेजुयलाका राष्ट्रपति निकोलस मदुरो पनि ५१ वर्षको उमेरमा सन् २०१३ मा राष्ट्रपति बनेका हुन् । ह्युगो चावेजको शासनमा उपराष्ट्रपति बनेका उनी चावेजको मृत्युपछि कार्यवाहक हुँदै राष्ट्रपतिमा निर्वाचित भएका हुन् । उनी भ्रष्टाचारलाई संस्थागत गर्ने, सेनालाई भ्रष्ट्र बनाउने र भ्रष्ट सैनिकको सहयोगमा कानुनको बदला आज्ञप्ती (रुल वाई डिक्री) जारी गरी शासन गर्ने गरेका छन् ।

समग्रमा मदुरो मानवाधिकार विरोधी, सञ्चार स्वतन्त्रता विरोधी, भ्रष्ट तथा अधिनायकवादीका रूपमा चिनिन्छन् । लोकतान्त्रिक संस्थाहरूलाई सम्मान गर्दै लोकतन्त्रका सामान्य सिद्धान्तअनुसार आफ्नो देशको नेतृत्व गरेका बेलायतका टोनी ब्लेयर, क्यानडाका जस्टिन ट्रुडो र फ्रान्सका इमानुयल म्याक्रों पचास वर्षभन्दा कम उमेरमा नै जिम्मेवारी सम्हालेका नेता हुन् । त्यस्तै शासनमा पुगेपछि जनमतलाई तिरस्कार गर्ने, लोकतान्त्रिक मूल्य मान्यतालाई कुल्चने र सर्वाधिकारवादी शासन चलाउने हंगेरीका भिक्टर अर्वान, टर्कीका रिसेप तैयप एर्दोगान र भेनेजुएलाका निकोलस मदुरो पनि पचास वर्षभन्दा कम उमेरका र पचासकै हाराहारीका व्यक्ति हुन् । एउटा उमेर समूह अथवा युवाले राजनीतिमा नेतृत्व गर्दैमा लोकतन्त्र सुरक्षित रहने, जनताले सुख सुविधा उपभोग गर्न पाउने भए हंगेरी, टर्की र भेनेजुएलामा पनि सबै ठिकठाक हुनुपर्ने हो । तर यथार्थताले त्यस्तो देखाउँदैन ।

कुनै युवाले आफ्नो कुनै व्यक्तिगत प्रतिभाको कारण जनमतलाई एक पटक प्रभावित पार्न सक्छ । हंगेरी, टर्कीका सरकार प्रमुखहरू पनि सुरुवातमा जनमतलाई प्रभावित पारेर नै निर्वाचित भएका हुन् । तर शासनमा पुगेपछि आफ्नो चरित्र प्रदर्शन गरे । हाम्रै देशमा पनि दोहोरो नागरिकता तथा दोहोरो राहदानी धारण गर्ने, चार चार विवाह गरिसकेका, सहकारी ठगी तथा सम्पत्ति शुद्धीकरणमा आरोपित व्यक्तिले अझै पनि जनतामा भ्रम छरी जनतालाई प्रभावित गरेको यथार्थ छ ।

तसर्थ एक पटक जनमतलाई आफ्नो पक्षमा पाऱ्यो भन्दैमा उक्त व्यक्ति असल हुन्छ नै भन्ने निश्चितता हुँदैन । अझ आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरू निर्वाचनमा विजयी बन्ने दक्षिण एसियाजस्तो कमजोर प्रजातान्त्रिक संस्कृति भएको देशमा एक दुई पटकको जनमतलाई आधार मानेर मूल्यांकन गर्नु उचित हुँदैन । युवालाई उमेर समूहमा बुझ्नु शाब्दिक भावमा उचित नै होला ।

राजनीति वा समाज विज्ञानमा युवा त्यो हो, जसमा जनतालाई सुख सुविधा दिने हुटहुटी छ, जो लोकतन्त्रको असल परिणाम भनौं वा प्रतिफल जनतासम्म पुऱ्याउन कृतसंकल्पित छ, जो आफ्नो संकल्प हरतरहले पूरा गर्न मानसिक वा शारीरिक रूपले सक्षम छ, जसले राज्यका लोकतान्त्रिक संस्थाहरूलाई सम्मान गर्छ, जसले आफ्नो लक्ष पूरा गर्न कुनै अवरोध आइपरेमा ती अवरोधलाई प्रजातान्त्रिक तरिकाले निस्तेज गर्न सक्षम छ, त्यस्तो व्यक्ति चाहे त्यो पच्चिस वर्षको होस् वा पचासी वर्षको, त्यो युवा हो । आफ्नो क्षमतामा विश्वास नभएको, सानो कुरामा पनि याचना गर्ने, जोखिम लिन डराउने, प्रतिगामी सोच भएको व्यक्ति पच्चिस वर्षको उमेरको भए पनि त्यो वार्धक्यबाट ग्रसित व्यक्ति हो ।

